# Wean Nepal Laghubitta Bittiya Sanstha Ltd

Banepa-13, Kavrepalanchok

## Unaudited Financial Results (Quarterly)

**Up to Ashadh 31, 2080**
**Fiscal Year 2079/080**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **881,289.42** | **917,380.68** | **939,333.79** |
| 1.1 | Paid-up Capital | 79,211.30 | 79,211.30 | 79,211.30 |
| 1.2 | Reserves and Surplus | 7,645.48 | 3,309.50 | 6,686.58 |
| 1.3 | Debenture and Bond | | - | - |
| 1.4 | Borrowings | 541,320.91 | 569,500.15 | 648,156.42 |
| 1.5 | Deposits (a+b) | **176,840.82** | **169,458.52** | **171,811.36** |
| | a. Domestic Currency | 176,840.82 | 169,458.52 | 171,811.36 |
| | b. Foreign Currency | | - | - |
| 1.6 | Income Tax Liabilities | | - | - |
| 1.7 | Other Liabilities | 76,270.91 | 95,901.22 | 33,468.13 |
| 2 | **Total Assets (2.1 to 2.7)** | **881,289.42** | **917,380.68** | **939,333.79** |
| 2.1 | Cash & Bank Balance | 60,872.25 | 90,147.37 | 31,558.81 |
| 2.2 | Money at call and short Notice | 30.10 | 3,100.50 | 47,864.91 |
| 2.3 | Investments | 9,000.00 | 9,000.00 | 8,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **752,672.87** | **749,140.56** | **824,397.73** |
| 0 | a. Real Estate Loan | | - | - |
| 0 | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| 0 | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| 0 | 3. Income generating Commercial Complex Loan | | | |
| 0 | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | | | |
| 0 | b. Personal Home Loan of Rs. 10 million or less | | - | - |
| 0 | c. Margin Type Loan | | - | - |
| 0 | d. Term Loan | | - | - |
| 0 | e. Overdraft Loan / TR Loan / WC Loan | 752,672.87 | 749,140.56 | 824,397.73 |
| 0 | f. Others | | - | - |
| 2.5 | Fixed Assets | 13,909.69 | 14,259.00 | 14,802.75 |
| 2.6 | Non Banking Assets | | - | - |
| 2.7 | Other Assets | 44,804.50 | 51,733.24 | 12,709.58 |
| 3 | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 110,390.38 | 76,692.39 | 128,568.26 |
| 3.2 | Interest Expense | 93,061.41 | 67,476.65 | 80,366.19 |
| A | **Net Interest Income (3.1-3.2)** | **17,328.98** | **9,215.73** | **48,202.07** |
| 3.3 | Fees Commission and Discount | 222.82 | 192.04 | 7,074.07 |
| 3.4 | Other Operating Income | 9,832.47 | 5,239.37 | - |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | - | - |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **27,384.27** | **14,647.14** | **55,276.14** |
| 3.6 | Staff Expenses | 24,683.23 | 18,644.78 | 25,776.12 |
| 3.7 | Other Operating Expenses | 18,635.30 | 11,698.82 | 17,066.09 |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **(15,934.26)** | **(15,696.46)** | **12,433.93** |
| 3.8 | Provision for Possible Loss | 193,152.35 | 79,815.03 | 22,207.41 |
| D | **Operating profit (C-3.8)** | **(209,086.61)** | **(95,511.49)** | **(9,773.48)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | | - | 414.61 |
| 3.10 | Write Back of Provision for Possible Loss | 209,487.07 | 71,506.78 | 9,937.44 |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **400.46** | **(24,004.71)** | **578.56** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | (115.09) | (13.91) | - |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **285.37** | **(24,018.63)** | **578.56** |
| 3.12 | Provision For Staff Bonus | 28.54 | | 57.86 |
| 3.13 | Provision For Tax | 176.87 | | 509.67 |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **79.97** | **(24,018.63)** | **11.04** |
| 4 | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 8.86% | 8.99% | 8.08% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 5.91% | 12.15% | 12.39% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 49.42% | 39.58% | 84.33% |
| 4.4 | Cost of Funds | 13.63% | 10.20% | 6.78% |

*Loans and investment are presented on gross basis. loss provisions are included on other liabilities.*
*Previous period figures have been regrouped/rearranged wherever necessary.*
*Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.*

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को**
**अनुसुची-१४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)**

## आ.व. २०७९/०८० चौथो त्रैमासिक विवरण

**१. वित्तीय विवरण :**

**(क)** यस वित्तीय संस्थाको चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

**(ख) प्रमुख वित्तीय अनुपातहरु :**

| प्रतिशेयर आम्दानी (वार्षिकीकरण गरिएको) | मूल्य आम्दानी अनुपात | प्रतिशेयर नेटवर्थ | प्रतिशेयर कूल सम्पतिको मूल्य | तरलता अनूपात |
|---|---|---|---|---|
| ०.१० | ७,११७.०४ | १०९.६५ | १११२.५८ | ३१.२६% |

**२. व्यवस्थापकीय विश्लेषण :**

क) यस अवधिमा मुलुकमा देखिएको तरलताको समस्याको कारणले कर्जा लगानी योग्य स्रोतको अभाव र बैंक तथा वित्तीय संस्थाहरुले यस अवधिमा सापटीमा बढाएको ब्याजदरको कारणले संस्थाको सञ्चालन मुनाफामा अत्यधिक ऋणात्मक प्रभाव पारेको छ । जसले गर्दा संस्थाको लगानी र बचत समेत प्रभावित बनेको छ ।

**ख)** नियामकीय नीतिगत व्यवस्था अनुसार कर्जामा लिन पाउने व्याजदरको सीमाको वित्तीय लागतमा प्रभाव पार्ने जोखिम यथावत कायम रहेको छ । लघुवित्तको प्रमुख स्रोतको रुपमा रहेको वाणिज्य बैंक तथा अन्य वित्तीय संस्थाबाट प्राप्त हुने सापटीमा बैंक तथा वित्तीय संस्थाको आधार दरमा भएको वृद्धिले गर्दा समग्र व्याजदरमा भएको वृद्धि र लघुवित्त वित्तीय संस्थाले कर्जामा लिन पाउने व्याजको सीमाको कारण लघुवित्तको दिगोपनको अवस्थामा नै प्रश्न चिन्ह लाग्ने अवस्था देखिन्छ । साथै, अस्वस्थ प्रतिस्पर्धा, सदस्यको दोहोरोपना, दक्ष जनशक्तिको लागतमा बृद्धि जस्ता कारणले संचालन जोखिममा बृद्धि ल्याएको छ । तथापी संस्थाले जोखिम न्यूनीकरण गर्दै अगाडि बढ्ने रणनीति लिएको छ ।

**ग)** लघुवित्त बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा २ प्रतिशत भन्दा बढी प्रिमियम लिन नपाइने नीतिगत व्यवस्थाको बावजुद सो भन्दा बढी प्रिमियम लिई रहेको अवस्था कायमै छ भने २०८० आषाढ मसान्त भित्र आधार दरमा कुनै कमी नआउँदा संस्थाको लागतमा कुनै कमी आउन सकेको छैन । जसले गर्दा समग्र मुनाफामा नै प्रतिकुल असर पर्न गएको छ ।

**घ)** यस संस्थाले हाल ८ वटा जिल्लामा २१ वटा शाखामार्फत १२,७९८ ग्राहक सदस्यहरुलाई लघुवित्त सेवा प्रदान गर्दै आएको छ । लघुवित्त वित्तीय संस्थाहरु विचमा भईरहेको तिव्र प्रतिस्पर्धाको सामना गर्नको लागि संस्थाका कर्मचारीहरुलाई तालीम दिई प्रतिस्पर्धात्मक बनाउन प्रयास गरिएको छ । आगामी दिनमा हाल संचालनमा रहेका शाखाहरुलाई थप मजबुत बनाउँदै लक्षित मुनाफा हासिल गर्ने उद्देश्य रहेको छ । त्यस्तै, ग्राहकहरुलाई समय सापेक्ष नयाँ सेवाहरु प्रदान गर्दै संस्थाको सेवालाई आधुनिकीकरण गर्दै लग्ने लक्ष्य रहेको छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण :**

**क)** यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको बिरुद्धमा कुनै मुद्दा दायर भएको छैन ।

**ख)** यस संस्थाका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छैन ।

**४. वित्तीय संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :**

**क)** दोस्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारका लागि नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सुचिकृत गराई कारोवार भई रहेको छ ।

**ख)** नेपाल स्टक एक्सचेन्जको वेभसाईट अनुसार यस चौथो त्रैमासिक अवधिमा भएको यस वित्तीय संस्थाको शेयर कारोवार को विवरण निम्नानुसार छ । (मिति २०८०/०१/०१ देखि २०८०/०३/३१ सम्मको कारोवार विवरण)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ९३६.३० | ७२० | ७१८.५० | ६२ | १७२०८ |

**५. समस्या तथा चुनौती :**

**क)** लघुवित्त कार्यक्रममा प्रभाव पार्ने उद्देश्य स्वरुप विभिन्न क्षेत्रमा लघुवित्त वित्तीय संस्था विरुद्ध संघर्ष समितिको नामबाट गरिएका क्रियाकलापले सिंगो लघुवित्त कार्यक्रम प्रभावित भैरहेको छ । यस्ता कृयाकलापलाई सम्बन्धित निकायबाट आवश्यक कदम नचालेमा लघुवित्त कार्यक्रम अझ चुनौतिपूर्ण बन्दै जाने निश्चितप्राय छ ।

**ख)** लघुवित्त वित्तीय संस्थाहरु स्रोतको लागि बैंक तथा वित्तीय संस्थाहरुमा निर्भर रहनु पर्ने वर्तमान अवस्थामा नियमन व्यवस्थाको कारणले लघुवित्त वित्तीय संस्थाहरुको लागतमा बृद्धि भएको छ । अर्कोतिर मुलुकमा देखिएको तरलताको समस्याले बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने थोक कर्जाको व्याजदरमा भएको ब्यापक बृद्धि र लघुवित्त वित्तीय संस्थाहरुले कर्जामा लिन पाउने व्याजदरको सीमाको नकारात्मक प्रभाव यस त्रयमासको वित्तीय अवस्थामा समेत देखिएको छ । यसको साथै विश्व अर्थतन्त्रमा मडारिरहेको आर्थिक संकट तथा मुलुकमा समेत आर्थिक मन्दीको प्रभावले समग्र रुपमा मुलुकको अर्थतन्त्रमा समेत प्रतिकुल असर पर्ने देखिन्छ ।

**६. संस्थागत सुशासन :**

यस लघुवित्त वित्तीय संस्थामा संस्थागत सुशासनको स्तरलाई उच्च कायम राख्न सदैव प्रतिवद्ध रहेको छ । नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्वारा जारी गरिएका नीति निर्देशनलाई सजगताका साथ पालना गरिएको छ । संस्थाको कार्य तथा कारोबारलाई व्यवस्थित गर्न आवश्यकता अनुसार समितिहरु गठन गरी आवश्यक नीति तथा निर्देशिका तर्जुमा गरी उक्त नीति तथा निर्देशिकाहरुलाई संचालक समितिबाट पारित गरी कडाईका साथ पालना गरी अगाडि बढाइएको छ ।

**७. कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य, र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित भई आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।